# सिद्धबाबा सुरुङमार्ग योजना, बुटवलको
# राजमार्ग बन्द हुने सम्बन्धी जरुरी सूचना

यस योजना अन्तर्गत सुरुङ निर्माण गर्ने क्रममा पाल्पा जिल्लाको तिनाउँ गाउँपालिका वडा नं. ३ मा पर्ने सिद्धार्थ राजमार्गको रामापिथेकस पार्क नजिकको क्षेत्रमा सडक डाइभर्सनको कार्य शुरु गरिएको र निर्माण स्थलमा माथि पहराबाट खुकुलो ढुङ्गाहरु खसिरहेकोले कुनैपनि बेला सवारी साधन, यात्रुहरु र कामदारहरु माथि दुर्घटना हुनसक्ने संभावना रहेकोले उक्त खुकुलो ढुङ्गाहरुलाई पूर्ण रुपमा व्यवस्थित गर्नको लागि मिति २०७९/१२/२१ गतेदेखि अर्को सूचना प्रकाशित नभएसम्म विहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म र राती १०:०० बजेदेखि भोलीपल्ट विहान ४:०० बजेसम्म सम्पूर्ण सवारी साधनको आवागमनलाई पूर्ण रुपमा बन्द गरिने व्यहोरा सरोकारवाला सवैमा सूचित गरिन्छ ।यसबाट सर्वसाधारणलाई पर्न जाने असुबिधाप्रति योजना क्षमाप्राथी छ। उक्त अवधिभर सवारी साधनहरुलाई निम्नानुसारको स्थानहरुमा रोक्ने व्यवस्था मिलाइएको छ ।

१) पाल्पातर्फबाट आउने सवारी साधनहरुः जडिबुटिचोक, सत्यवती जाने वाटो, तिनाउँ गाउपालिका वडा नं. ३

२) बुटवल तर्फबाट आउने सवारी साधनहरुः चिडियाखोला तल्लो सिद्धबाबा मन्दिरनिर

**पुनश्चः** सवारी साधनहरु रोक्दा र सवारी चलाउदा कडाईका साथ आफ्नो लेन अनुशासन कायम राख्नुहुन तथा सवारी लामबद्ध भएको अवस्थामा जथाभावी ओभरटेक नगर्नुहुन अनुरोध छ । अन्यथा प्रचलित नियम कानुन बमोजिम कडा कारबाही हुनेछ। साथै उक्त अवधिभर बैकल्पिक सडक प्रयोग गर्न मिल्ने सवारी साधनहरुले सोही बमेजिम गर्नुहुन र बैकल्पिक सडकको रुपमा अत्यावश्यक प्रकृतिका साना तथा मझौला सवारी साधनहरुले मात्र बेलबास-नुवाकोट-दोभान सडक प्रयोग गर्न सकिने ब्यहोरा समेत अनुरोध छ ।

योजना प्रमुख

योजना प्रमुख

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"